मन्थली नगरपालिका
Manthali Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
मन्थली, रामेछाप
Manthali, Ramechhap
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal
{फोन नं. ०४८-५४०११२ }
०४८-५४०५३२
Phone No. 048 - 540112

पत्र संख्या : ०८२/०८३
चलानी नं : २८८६

मिति : २०८३।०२।०४

**विषय:- विद्यालय सञ्चालन सम्बन्धमा।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू (सबै),
मन्थली नगरपालिका, रामेछाप।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको प.सं. २०८२/०८३, च.नं. ८७, मिति २०८३/०१/२९ गतेको प्राप्त पत्रानुसार स्वीकृत पाठ्यक्रमले तोकेअनुसारको कार्यघण्टालाई तपसिल बमोजिम मिलाई पठनपाठन गर्ने गरी शैक्षिक संस्थाहरुमा हप्तामा २ दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा गर्न गराउनु हुन अनुरोध छ।

**तपसिल:**

१. प्रत्येक दिन प्रार्थना समय १५ मिनेट र खाजा समय ३० मिनेट व्यवस्थापन गर्ने।
२. सोमबारदेखि शुक्रबारसम्म पूरा समय पठनपाठनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने।
३. हिउँदै/बर्षे विदा अवधि साविकको ४५ दिनलाई ३० दिन कायम गर्ने।
४. पहिलो र दोस्रो त्रैमासिकमा गरिने आन्तरिक मूल्याङ्कनलाई पठनपाठन भएकै दिन वा पठनपाठनमा असर नपर्ने दिनमा गर्ने गरी व्यवस्थापन गर्ने।
५. स्वीकृत पाठ्यक्रम एवम् निर्धारण गरिएका सिकाइ उपलब्धिका आधारमा सिकाइ व्यवस्थापन गर्न साप्ताहिक रुपमा समुदाय एवम् परिवारका क्रियाकलाप सन्दर्भ तथा सूचना प्रविधिको उपयोगसँग सम्बन्धित बहुविषयमा आधारित परियोजना तथा प्रयोगात्मक कार्य शुक्रबार दिने र आवश्यकतानुसार प्रस्तुत गर्ने अवसर प्रदान गर्ने।
६. परियोजना तथा प्रयोगात्मक कार्यका लागि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा रहेको परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन सहजीकरण पुस्तिका, २०८२ बाट विद्यालय र शिक्षकले स्वीकृत पाठ्यक्रमको विषयक्षेत्र समेटी परियोजना कार्य निर्माण गरी कार्यान्वयन गर्ने।

२०८३/०२/०४
देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

Email : ito.manthalimun@gmail.com Website : www.manthalimun.gov.np